आज मिति २०८३/०१/१० गते यस मल्लरानी गाउँ कार्यपालिकाको आ.व २०८२/०८३ को तेह्रौं बैठक गाउँपालिका **अध्यक्ष श्री कृष्ण बहादुर खड्काज्यू** को अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहाएका प्रस्तावहरुमा छलफल तथा निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | कृष्ण बहादुर खड्का | गा पा अध्यक्ष | |
| २. | रमेश कुमार श्रेष्ठ | गा पा उपाध्यक्ष | |
| ३. | ~~चिन्ता बहादुर राहुँ~~ धर्मेन्द्र बुढाथोकी | का.वा. अध्यक्ष वडा नं १ | |
| ४. | लेख बहादुर थापा | अध्यक्ष वडा नं २ | |
| ५. | नोमराज पौडेल | अध्यक्ष वडा नं ३ | |
| ६. | कुमार श्रेष्ठ | अध्यक्ष वडा नं ४ | |
| ७. | गोपाल बहादुर थापा | अध्यक्ष वडा नं ५ | |
| ८. | सुर्य बहादुर सार्की | कार्यपालिका सदस्य | |
| ९. | तेजमान दमाई | कार्यपालिका सदस्य | |
| १०. | सिता पुन | कार्यपालिका सदस्य | |
| ११. | सुमित्रा वि.क. | कार्यपालिका सदस्य | |
| १२. | उजेली वि.क. | कार्यपालिका सदस्य | |
| १३. | हिमा कुमारी बुढाथोकी क्षेत्री | कार्यपालिका सदस्य | हिमा |
| १४. | विजय पौडेल | सचिव | |
| | **आमन्त्रित** | | |
| १५. | वन्दना शाक्य | प्र. प्रशासकीय अधिकृत | |
| १६. | | | |
| १७. | | | |

बैठक नं १३

मितिः २०८३ बैशाख १० गते बिहिवार

ने.स.११४६ वछलाथ्व सप्तमी

मिति २०८३/०१/१० गतेको तेह्रौ गाउँकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः

| क सं | प्रस्तावको विषय | निर्णय हुनुपर्ने विषय | कैफियत |
|---|---|---|---|
| (१) | आ.व २०८२/०८३ को बाह्रौ गाउँकार्यपालिका बैठकको समिक्षा सम्वन्धमा। | (१) आ.व २०८२/०८३ को बाह्रौ गाउँकार्यपालिका बैठकको समिक्षा गर्ने। | |
| (२) | आ.व. ०८३/८४ को लागि लुम्बिनी प्रदेशमा समपुरक र विशेष अनुदानका योजनाहरु छनोट गरी प्रस्ताव पठाउने सम्वन्धमा । | (२) आ.व. ०८३/८४ को लागि लुम्बिनी प्रदेशमा समपुरक र विशेष अनुदानका योजनाहरु छनोट गर्ने । | |
| (३) | बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत पोषण सुधारका लागि आय आर्जन अनुदान कार्यक्रम र बिउपल वितरण कार्यक्रमको लागि वडा छनोट सम्वन्धमा । | (३) बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत विपन्न सुनौलो हजार दिनका आमाहरुको पोषण सुधारका लागि आय आर्जन अनुदान कार्यक्रम सञ्चालन गर्न र विउपल वितरण गर्न वडा छनोट गर्ने । | |
| (४) | विपद् ब्यवस्थापन तथा वन वातावरण तर्फ एक वडा एक रिचार्ज पोखरी निर्माण र तितेपाती बृक्षारोपण कार्यक्रम सञ्चालन सम्वन्धमा । | (४) विपद् ब्यवस्थापन तथा वन वातावरण तर्फ एक वडा एक रिचार्ज पोखरी निर्माण र तितेपाती बृक्षारोपण कार्यक्रम लागि स्थान छनोट गर्ने र उपभोक्ता समिति र सम् सम्पन्न गर्ने | |
| (५) | गरिब घर परिवार पहिचान कार्यक्रम सम्बन्धी जानकारी सम्वन्धमा । | (५) गरिब घर परिवार पहिचान कार्यक्रमका लागि गाउँपालिकाबाट खटिई आउने गणकहरुलाई वडा कार्यालहरुले आवश्यक सहयोग र सहजीकरण गर्ने । | |

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका
कार्यपालिकाको कार्यालय
मल्लरानी, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

बैठक नं १३

मितिः २०८३ बैशाख १० गते बिहिवार

ने.स.११४६ वछलाथ्व सप्तमी

निर्णयहरु

(१) आ.व. ०८२/८३ को कार्यपालिकाको मिति २०८२/१२/१८ मा बसेको बाह्रौं कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा गरियो । उक्त बैठकमा भएका निर्णय कार्यान्वयन भएको वेहोरा जानकारी गराइयो ।

(२) लुम्बिनी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८२/१२/२७ र लुम्विनी प्रदेश योजना आयोगको मिति २०८२/१२/२७ को पत्रानुसार आगामी आ.व.०८३/८४ का लागि प्रदेश समपुरक अनुदान र विशेष अनुदान तर्फ तपसिल वमोजिमको प्राथमिकता निर्धारण गरी योजनाहरु छनोट गरी पठाउने निर्णय गरियो।

समपुरक अनुदान तर्फ

| प्राथमिकता क्रम | योजनाको नाम | ठेगाना | कुल लागत अनुमान | लुम्बिनी प्रदेश समपुरक रकम | गाउँपालिका समपुरक रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गणेशथान वाङ्गेलाकुरी काशीपानी प्राथमिक स्वास्थ्य केन्द्र जोड्ने सडक स्तरोन्नती | मल्लरानी ४ | २०१०७७५३।५८ | १००५३८७६।८० | १००५३८७६।८० | नयाँ |
| २ | पैयाबारी अदुवाबारी पानीगैरा अर्वाड मो.बा.निर्माण | मल्लरानी २ र १ | २०१६३३९४।३९ | १००८१६९७।२ | १००८१६९७।२ | नयाँ |
| ३ | सरङ्गोट सिरकोट गिरिचौर चौरपानी मो.बा.निर्माण | मल्लरानी ३ र ५ | २०१५४२६५।३४ | १००७७१३२।७ | १००७७१३२।७ | नयाँ |

विशेष अनुदान तर्फ

| प्राथमिकता क्र.सं. | योजनाको नाम | ठेगाना | कुल लागत अनुमान |
|---|---|---|---|
| १ | सरस्वती आधारभूत विद्यालय भवन निर्माण | मल्लरानी ३ | ४०७३००४।०८५ |
| २ | भूमी विकास माध्यमिक विद्यालय भवन निर्माण | मल्लरानी ५ | ३९५८४७७।४७ |

(३) बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत विपन्न सुनौलो हजार दिनका आमाहरुको पोषण सुधारका लागि आय आर्जन अनुदान र विउपल वितरण कार्यक्रम सञ्चालनको लागि वडा नं २ छनोट गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बैठक नं १३

मितिः २०८३ बैशाख १० गते बिहिवार

ने.स.११४६ वछलाथ्व सप्तमी

(४) विपद् व्यवस्थापन तथा वन वातावरण तर्फ आ.व.०८२/८३ मा स्वीकृत एक वडा एक रिचार्ज पोखरी निर्माणका लागि स्थान छनोट, उपभोक्ता समिति गठन र सम्झौता गर्ने कार्य मिति २०८३/०१/२१ गते भित्र कार्य सम्पन्न गर्ने गरी वडाहरुमा पत्राचार गर्ने निर्णय गरियो ।

(५) गरिब घर परिवार पहिचान कार्यक्रमका लागि गाउँपालिकाबाट खटिई आउने गणकहरुलाई वडा कार्यालहरुले आवश्यक सहयोग र सहजीकरण गर्ने निर्णय गरियो।

(६) मल्लरानी गाउँपालिका भित्र आगलागिजन्य विपद्का लागि आवश्यक पर्ने अग्नी नियन्त्रक सम्वन्धी सामग्रीहरु १ लाखको सिमा भित्र रही विपद् व्यवस्थापन कोष तर्फबाट खरिद गरी आवश्यकताको आधारमा वडाहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

(७) आ.व०८२/८३ स्विकृत कार्यक्रम अनुसार अगुवा कृषक भ्रमण/सिकाई आदान प्रदान कार्यक्रम का लागि उत्पादनमा आधारित अनुदान प्राप्त गर्ने मल्लरानी गाउँपालिकाका कृषकहरुलाई छनोट गरी अवलोकन भ्रमणमा लैजने निर्णय गरियो ।

(८) तपसिल वमोजिमका संस्था र ब्यक्तिहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

- वित्तीय साक्षरता जागरण नेपाल प्यू.न.पा ८ को वृहत अन्तरक्रीया तथा छलफल कार्यक्रमको लागि रु ५०००। आर्थिक सहयोग उपलब्ध गराउने ।
- क्रान्तिकारी कम्युनिष्ट पार्टि नेपाल, जिल्ला समिति प्यूठानको प्रदेश स्तरीय कार्यक्रमको लागि रु ८०००। उपलब्ध गराउने ।
- गाउँपालिका वडा नं २ वस्ने टुके सार्कीलाई मुटु उपचारको लागि रु १००००। उपलब्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत